*[गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितको स्वागत भाषण]*

**ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:**
**मृत्योर्मा अमृतम् गमय: ॐ शान्ति: शान्ति: शान्ति:**

**आदरणीय सम्मानित ब्यौला-द्वय, डा. राजेन्द्र विमल तथा नरबहादुर साउदज्यू, पूर्वब्यौला बिहारीकृष्णज्यू र मित्रहरू,**

तपाईंहरू सबैलाई म यस रङ्गस्थलमा हार्दिक स्वागत गर्दछु। सम्माननीया रानी जगदम्बा तथा जनरल मदनले जुराएको यो अवसरमा म सर्वप्रथम ती दुई अमर आत्मालाई स्मरण गर्दछु र तपाईंहरूसँग समेत उहाँहरूलाई सम्झने आग्रह गर्दछु।

डा. राजेन्द्र विमलज्यू, म तपाईंलाई स्वागत गर्नुभन्दा पहिले धन्यवाद भन्छु किनभने तपाईंले हामीलाई मिथिला क्षेत्रको अभिनन्दन गर्ने अवसर दिलाउनुभयो। तपाईंले कतै पत्रिकामा 'हमर असफल जीवन' भन्नुभएको रहेछ। हामीले गुठीमा तपाईंबारे जेजति सुन्यौं त्यसबाट हामीलाई लाग्यो तपाईंको जीवन असफल होइन, अत्यन्त सार्थक, सफल तथा वन्दनीय छ अरु तपाईंले त हामीलाई पनि बढी सफल तुल्याउनुभएको छ। किनभने हामीले यी २१ वर्षसम्म पनि शिक्षण पेसाका कुनै विद्वान्लाई सम्मानित गर्न सकेका थिएनौं। दशकौंदेखि नेपाली भाषाको सेवा गरिरहेका तपाईंलाई यसरी अभ्यर्थना गर्न पाएर हामी कृतकार्य भएका छौं।

नरबहादुर साउदज्यू, तपाईंको ह्विलचेयरमा बसेको फोटो असोज ७ गते एउटा दैनिक पत्रिकामा देख्दा म रुस्कें। गुठीमा हामी कसैलाई पनि थाहा थिएन तपाईंको दुर्घटनाको कुरा। तपाईंले ओछ्यानमै बसेर त्यो बृहदग्रन्थ लेख्नुभएको हो भन्ने बुझ्दा हामीहरू तपाईंप्रति अझ श्रद्धावनत भएका छौं। गुठी तपाईंसँग कृतज्ञ पनि छ, किनभने २०१५

सालमा गड्गाविक्रम सिजापतिको 'उद्यान'लाई पुरस्कारले सम्मान गरेपछि यति वर्षसम्म फेरि हामीले कृषि विषयक अर्को पुस्तकलाई पुरस्कृत गर्न पाएका थिएनौं, सो तपाईंले गर्दा ऐले ५१ वर्षपछि सो अवसर पायौं। तपाईंको ज्ञान र श्रमले गुठीको समेत सम्मान बढेको छ। तपाईंलाई स्वागत र बधाई निवेदन गर्दछु।

बिहारीकृष्णज्यू, ३८ वर्षअघि तपाईंलाई सम्मान गर्दा गुठीको तपाईंसँग सम्बन्ध जोरिएको हो। र मदन पुरस्कारको त्यो नाड्लो अझै तपाईंको घरमा सजाएर राखिएको छ भन्ने बुझ्दा हामीलाई गौरवबोध हुन्छ। आज विद्वद्प्रवचन दिन यहाँ पाल्नुहुँदा हामीहरूको सम्बन्ध अरू गाढा भएको अनुभव भैरहेको छ। तपाईंलाई म हार्दिक स्वागत गर्छु।

विद्वान् साहित्यिक साथीहरू, तपाईंहरूको उपस्थितिमा म यहाँ नेपाली साहित्य-समुदायकै लघुरूप देखिरहेको छु। दसैंका बेलामा आफ्नो व्यस्त कामकुरा छाडी तपाईंहरू यहाँ आइदिनुभएर हामीलाई अनुगृहीत गर्नुभएको छ। म तपाईंहरू सबैलाई कृतज्ञतापूर्वक स्वागत गर्दछु।

सधैंझैं यस वर्ष पनि मेरो दुई किताप समारोहको अन्त्यमा तल उपहार दिइने छ। यी किताप यसरी नि:शुल्क वितरण गर्न हामीलाई तिनको प्रकाशक गीता समुदय प्रकाशनले सहयोग गरेको हो। म उहाँहरूलाई धन्यवाद भन्छु।

हाम्रो पुरस्कार-अर्पण कार्यक्रममा सम्मानित 'ब्यौला'हरूलाई ओल्क्याउने परम्परा छ। यो हाम्रो संस्थाको आफ्नै प्रकारको एउटा प्रथा हो। पूर्वी नेपालको स्वागतको मौलिक संस्कृति पनि हो यो। हेर्दा ज्याउलो जस्तो लाग्छ। भए पनि यो पुनीत कार्य गरिदिने चार जना विद्वान् 'नेता'हरूलाई म ससम्मान स्वागत गर्छु।

सबैको जय होस्!